# छेडागाड नगरपालिका

## दशौं बजेट अधिवेशनमा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक एवम् उप-प्रमुख श्री चन्द्र बहादुर थापाज्यूद्वारा प्रस्तुत

## आर्थिक वर्ष २०८३/०८४ को

## बजेट बक्तव्य

छेडागाड नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

कार्कीगाउँ, जाजरकोट

## विसौं नगरसभा (दशौं बजेट अधिवेशन) मा प्रस्तुत आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य

**आदरणीय सभाध्यक्षज्यू,**
**नगरसभाका सदस्यज्यूहरू,**
**राष्ट्रसेवक कर्मचारीज्यूहरू, सञ्चारकर्मीज्यूहरू,**
**तथा उपस्थित सम्पूर्ण महानुभावहरू।**

१. आज छेडागाड नगरपालिकाको विसौं नगरसभा तथा दशौं बजेट अधिवेशनको यस गरिमामय अवसरमा नेपालको संविधानको धारा २३०, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुनी व्यवस्थाबमोजिम आर्थिक वर्ष २०८३/८४ को आय–व्यय अनुमान (बजेट) प्रस्तुत गर्न पाउँदा मैले गौरवको अनुभूति गरेको छु।

२. यस ऐतिहासिक अवसरमा सर्वप्रथम नेपालको लोकतान्त्रिक आन्दोलन, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना, राष्ट्रिय एकता, सामाजिक न्याय, समावेशीता तथा नागरिक अधिकारको संरक्षणका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात–अज्ञात वीर शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै विभिन्न आन्दोलन, शसस्त्र द्वन्द्व तथा परिवर्तनका क्रममा घाइते, अपाङ्गता भएका तथा बेपत्ता हुनुभएका नागरिकहरूप्रति उच्च सम्मान व्यक्त गर्दै उहाँहरूको योगदानको स्मरण गर्न चाहन्छु।

३. "**समृद्ध छेडागाड, हाम्रो भविष्य**" भन्ने दीर्घकालीन सोचलाई आत्मसात् गर्दै नगरवासीको जीवनस्तर उकास्ने, उत्पादनशील अर्थतन्त्र निर्माण गर्ने, गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्ने तथा समावेशी र दिगो विकासको आधार निर्माण गर्ने लक्ष्यका साथ यो बजेट प्रस्तुत गरिएको छ। नगरको समृद्धि, सुशासन र सामाजिक रूपान्तरणको यात्रामा योगदान पुर्‍याउनुहुने सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक नेतृत्व, निजी क्षेत्र, नागरिक समाज, विकास साझेदार तथा सम्पूर्ण नगरवासीप्रति हार्दिक सम्मान व्यक्त गर्दछु।

४. प्रस्तुत बजेटले सामाजिक न्यायसहितको आर्थिक विकास, कृषिमा आधुनिकीकरण, उद्यमशीलता प्रवर्द्धन, गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा, सुरक्षित खानेपानी, रोजगारी सिर्जना, वातावरण संरक्षण, विपद् व्यवस्थापन, सूचना प्रविधि, पर्यटन विकास तथा दिगो पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखेको छ। यसले नगरको समग्र विकासलाई गति दिने, स्थानीय स्रोत साधनको अधिकतम उपयोग गर्ने तथा नागरिकको जीवनमा सकारात्मक परिवर्तन ल्याउने विश्वास लिएको छु।

५. नगरपालिकाले स्वास्थ्य, शिक्षा, कृषि, पशुपालन, रोजगार, खानेपानी, सडक तथा अन्य आधारभूत पूर्वाधारको विकासमार्फत नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रम सञ्चालन गर्दै सुशासन, पारदर्शिता र

जवाफदेहिताको प्रवर्द्धन गर्न दृढ प्रतिबद्धता व्यक्त गर्दछ। विकासका प्रतिफललाई प्रत्येक नागरिकको पहुँचमा पुऱ्याउने उद्देश्यले यो बजेट तर्जुमा गरिएको छ।

६. यो बजेट नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, नगरपालिकाको अर्थ तथा विनियोजन विधेयक २०८३, आर्थिक वर्ष २०८३/८४ को स्वीकृत नीति तथा कार्यक्रम, संघीय तथा कर्णाली प्रदेश सरकारका नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य (SDGs), नगरका विषयगत समितिका सुझावहरू, विभिन्न राजनीतिक दल, नागरिक समाज, सञ्चार क्षेत्र, निजी क्षेत्र, विकास साझेदार, विज्ञ समूह तथा आम नगरवासीबाट प्राप्त सुझावहरूलाई आधार मानी तयार गरिएको छ। यस अर्थमा प्रस्तुत बजेट नगरवासीको साझा चाहना र आकांक्षाको दस्तावेजका रूपमा रहेको छ।

**श्रद्धेय सभाध्यक्ष महोदय,**

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७३ फागुन २२ गतेको निर्णयअनुसार साविकका कार्कीगाउँ, झाप्रा, साल्मा, दशेरा, सुवानाउली तथा पजारु गाविसहरू समायोजन भई छेडागाड नगरपालिका स्थापना भएको हो। पूर्वमा भेरी नगरपालिका, पश्चिममा सुर्खेत तथा दैलेख जिल्ला, दक्षिणमा सुर्खेत र सल्यान जिल्ला तथा उत्तरमा जुनिचाँदे गाउँपालिकासँग सिमाना जोडिएको यस नगरपालिकाको क्षेत्रफल २८४.२० वर्ग किलोमिटर रहेको छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नगरपालिकाको कुल जनसंख्या ३७ हजार ८ सय ७७ तथा कुल घरधुरी संख्या ७ हजार १ सय ९८ रहेको छ। १३ वटा वडामा विभाजित यस नगरपालिकाको जनघनत्व प्रति वर्ग किलोमिटर १४२ जना तथा औसत परिवारको आकार ६ जना रहेको छ।

वडा नं. ३ दशेरा स्थित जनज्ञानकुञ्ज क्याम्पसमा स्नातकोत्तर तहसम्म अध्ययनको व्यवस्था रहेको छ भने नारायणी माध्यमिक विद्यालय कार्कीगाउँमा कृषि विज्ञान तथा बाल माध्यमिक विद्यालय झाप्रामा सिभिल इन्जिनियरिङ विषयको प्राविधिक शिक्षा सञ्चालन भइरहेको छ।

प्राकृतिक स्रोत, जलस्रोत, कृषि उत्पादन, पशुपालन, पर्यटन तथा खानीजन्य सम्पदाको दृष्टिले अत्यन्त सम्भावनायुक्त यस नगरपालिकामा छेडागाड, सरुगाड र सुवागाड जस्ता महत्वपूर्ण नदीनाला रहेका छन्। काइनाइट र टुर्मालिन जस्ता खनिज पदार्थको उपलब्धता, उर्वर कृषि भूमि, जैविक विविधता तथा धार्मिक पर्यटकीय सम्पदाले छेडागाड नगरपालिकालाई समृद्धिको बलियो आधार प्रदान गरेको छ।

श्रद्धेय सभाध्यक्ष महोदय,

अब म चालु आर्थिक वर्ष २०८२/०८३ को हालसम्मको आय तथा व्ययको यथार्थ अवस्थाबारे सम्मानित सभालाई जानकारी गराउन चाहन्छु।

चालु आर्थिक वर्ष २०८२/०८३ का लागि कुल रु. ७३ करोड २ लाख २७ हजार ३ सय ४१ बजेट प्राप्त हुने अनुमान गरिएकोमा हालसम्म रु. ६८ करोड ५७ लाख २३ हजार ४ सय ४२ प्राप्त भएको छ, जुन कुल अनुमानित बजेटको ९३.९ प्रतिशत रहेको छ । प्राप्त रकममध्ये हालसम्म रु. ४६ करोड ३५ लाख ४३ हजार ९ सय ४८ खर्च भएको छ, जुन प्राप्त बजेटको ६७.६ प्रतिशत रहेको छ।

१. संघीय सरकारबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त हुने प्रस्तावित रु. ६३ करोड १० लाख २३ हजार ७ सय ७३ मध्ये हालसम्म रु. ५९ करोड १६ लाख ७० हजार १ सय ४ मात्र प्राप्त भएको छ, जुन विनियोजित बजेटको ९३.८ प्रतिशत हो। प्राप्त रकममध्ये रु. ४२ करोड ९० लाख ८८ हजार ८२ खर्च भएको छ, जुन प्राप्त रकमको ७२.५ प्रतिशत रहेको छ।
२. प्रदेश सरकारबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त हुने प्रस्तावित रु. ८ करोड ८८ लाख ९८ हजारमध्ये हालसम्म रु. ८ करोड ८१ लाख ६५ हजार १ सय ९० प्राप्त भएको छ, जुन विनियोजित बजेटको ९९ प्रतिशत हो। प्राप्त रकममध्ये रु. ३ करोड ९ लाख ८८ हजार ५ सय ८१ खर्च भएको छ, जुन प्राप्त रकमको ३५ प्रतिशत रहेको छ।
३. नगरपालिकाको आन्तरिक राजस्वतर्फ चालु आर्थिक वर्षमा रु. ९० लाख ५० हजार संकलन गर्ने लक्ष्य राखिएकोमा हालसम्म रु. ५८ लाख ८८ हजार १ सय ४८ राजस्व संकलन भएको छ, जुन वार्षिक लक्ष्यको ५७.१ प्रतिशत हो। संकलित राजस्वमध्ये रु. ३४ लाख ६७ हजार २ सय खर्च भएको छ, जुन संकलित राजस्वको ५८.९ प्रतिशत रहेको छ।
४. संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान वापत चालु आर्थिक वर्ष २०८२/०८३ मा ११ करोड ५४ लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएकोमा हालसम्म १० करोड ५५ लाख ३३ हजार ३ सय रुपैयाँ प्राप्त भएको छ। यो कुल अनुमानित बजेटको ९१.५ प्रतिशत हुन आउँछ। प्राप्त रकममध्ये हालसम्म ६ करोड ४६ लाख ३१ हजार ७ सय ४५ रुपैयाँ खर्च भएको छ, जुन प्राप्त रकमको ६१.२ प्रतिशत रहेको छ।
५. संघीय सरकारको सशर्त अनुदान (चालु) तर्फ ३६ करोड १८ लाख ४० हजार रुपैयाँ प्राप्त हुने अनुमान गरिएकोमा हालसम्म ३५ करोड ८७ लाख ३९ हजार ९ सय ९० रुपैयाँ प्राप्त भएको

छ। यो कुल अनुमानित बजेटको ९९.१ प्रतिशत हो। प्राप्त रकममध्ये २६ करोड ३ लाख ७५ हजार ६ सय ६८ रुपैयाँ खर्च भएको छ, जुन प्राप्त रकमको ७२.५ प्रतिशत रहेको छ।

६. संघीय सरकारबाट राजस्व बाँडफाँड वापत १३ करोड ५३ लाख ८३ हजार ७ सय ७३ रुपैयाँ प्राप्त हुने अनुमान गरिएकोमा हालसम्म ११ करोड ५६ लाख ८९ हजार ८ सय ९१ रुपैयाँ प्राप्त भएको छ। यो कुल अनुमानित रकमको ८५.५ प्रतिशत हो। प्राप्त रकममध्ये ८ करोड ३९ लाख ५७ हजार ३ सय ८९ रुपैयाँ खर्च भएको छ, जुन प्राप्त रकमको ७२.५ प्रतिशत हुन आउँछ।

७. संघीय सरकारको सशर्त अनुदान (पुँजीगत) तर्फ ८६ लाख रुपैयाँ अनुमान गरिएकोमा हालसम्म शतप्रतिशत अर्थात् ८६ लाख रुपैयाँ प्राप्त भएको छ। प्राप्त रकममध्ये ३२ लाख ४० हजार रुपैयाँ खर्च भएको छ, जुन प्राप्त रकमको ३७.७ प्रतिशत रहेको छ।

८. संघीय सरकारको समपूरक अनुदान तर्फ ९८ लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएकोमा हालसम्म ३१ लाख ६ हजार ९ सय २३ रुपैयाँ प्राप्त भएको छ। यो कुल अनुमानित बजेटको ३१.७ प्रतिशत हो। प्राप्त रकममध्ये ३१ लाख १ हजार ६ रुपैयाँ खर्च भएको छ, जुन प्राप्त रकमको ९९.८ प्रतिशत रहेको छ।

९. प्रदेश सरकारको वित्तीय समानीकरण अनुदानतर्फ चालु आर्थिक वर्षमा रु. १ करोड ४६ लाख ६१ हजार प्राप्त हुने अनुमान गरिएकोमा हालसम्म सोही बराबरको रु. १ करोड ४६ लाख ६१ हजार प्राप्त भएको छ, जुन कुल अनुमानित बजेटको १०० प्रतिशत हो। प्राप्त रकममध्ये हालसम्म रु. ६० लाख ५१ हजार १ सय ३१ खर्च भएको छ, जुन प्राप्त रकमको ४१.३ प्रतिशत रहेको छ।

१०. प्रदेश सरकारको सशर्त अनुदान (चालु) तर्फ रु. २ करोड १९ लाख ३७ हजार प्राप्त हुने अनुमान गरिएकोमा हालसम्म सोही रकम प्राप्त भएको छ, जुन कुल अनुमानित बजेटको १०० प्रतिशत हो। प्राप्त रकममध्ये रु. ७१ लाख ८६ हजार ७ सय १६ खर्च भएको छ, जुन प्राप्त रकमको ३२.८ प्रतिशत रहेको छ।

११. प्रदेश सरकारको सशर्त अनुदान (पुँजीगत) तर्फ रु. ४ करोड १० लाख प्राप्त हुने अनुमान गरिएकोमा हालसम्म सम्पूर्ण रकम प्राप्त भएको छ, जुन कुल अनुमानित बजेटको १०० प्रतिशत हो। प्राप्त रकममध्ये रु. १ करोड ६८ लाख १ हजार ८ सय ७२ खर्च भएको छ, जुन प्राप्त रकमको ४१.१ प्रतिशत रहेको छ।

१२. प्रदेश सरकारमार्फत प्राप्त विशेष अनुदानतर्फ रु. ९५ लाख प्राप्त हुने अनुमान गरिएकोमा हालसम्म सम्पूर्ण रकम प्राप्त भएको छ, जुन कुल अनुमानित बजेटको १०० प्रतिशत हो। प्राप्त

रकममध्ये रु. ४ लाख २२ हजार ४० खर्च भएको छ, जुन प्राप्त रकमको करिब ४.४ प्रतिशत रहेको छ।

१३. यस नगरपालिकाको आर्थिक वर्ष २०७३/०७४ देखि हालसम्मको कुल बेरुजु रु. ३७ करोड ४८ लाख ७ हजार ३ सय ७ रहेकोमा, वित्तीय अनुशासनलाई कडाइका साथ पालना गरी यसलाई शून्यमा झार्ने प्रतिबद्धता व्यक्त गर्दछु।

**सभाका सभाध्यक्षज्यू, नगरसभाका सदस्यज्यूहरू,**

अब म यस छेडागाड नगरपालिकाको समग्र आर्थिक अवस्था, स्रोत परिचालन तथा विकास व्यवस्थापनसँग सम्बन्धित विद्यमान प्रमुख चुनौतीहरूबारे संक्षेपमा चर्चा गर्ने अनुमति चाहन्छु।

**१४.** नगरपालिकामा आन्तरिक आयका सम्भावित स्रोतहरू प्रशस्त भए तापनि ती स्रोतहरूको व्यवस्थित पहिचान, संरक्षण, उपयोग र प्रवर्द्धन हुन नसक्दा अपेक्षित राजस्व संकलन हुन सकेको छैन। कृषि, पशुपालन, वन, जडीबुटी, पर्यटन तथा स्थानीय उत्पादनको प्रशोधन र बजारीकरणमार्फत आन्तरिक आय अभिवृद्धि गर्ने पर्याप्त सम्भावना हुँदाहुँदै पनि दीर्घकालीन राजस्व सुधार योजना तथा प्रभावकारी कार्यान्वयन रणनीतिको अभाव देखिएको छ। साथै खानीजन्य तथा नदीजन्य स्रोतहरू जस्तै ढुङ्गा, गिट्टी, बालुवा, मोरङ लगायतका प्राकृतिक स्रोतहरूको दिगो र व्यवस्थित उपयोगका लागि आवश्यक नीतिगत तथा व्यवस्थापकीय संरचना अझै सुदृढ हुन सकेको छैन।

**१५.** नगरपालिकाको आन्तरिक राजस्व कमजोर रहँदा संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणमा अत्यधिक निर्भर रहनुपर्ने अवस्था विद्यमान छ। यसले स्थानीय आवश्यकता, भौगोलिक अवस्था, आर्थिक तथा सामाजिक विकासका सूचकहरू, मानव विकास सूचकांक तथा दिगो विकास लक्ष्यअनुरूप योजना तथा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न चुनौती सिर्जना गरेको छ। साथै वडा तहबाट संकलन हुँदै आएको राजस्वलाई एकीकृत, पारदर्शी र प्रविधिमैत्री प्रणालीमार्फत व्यवस्थापन गर्न नसक्दा राजस्व चुहावटको सम्भावना कायम रहेको छ। त्यसैले राजस्व प्रशासनलाई थप सुदृढ बनाउन आवश्यक कानुनी, नीतिगत तथा संस्थागत सुधार अपरिहार्य देखिएको छ।

**१६.** स्थानीय स्रोत, सीप र कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्यमहरूको विकास र विस्तार अपेक्षित रूपमा हुन सकेको छैन। उद्यमशीलता विकास, सीपमूलक तालिम, उत्पादन विविधीकरण तथा बजार पहुँचको अभावका कारण स्थानीय स्तरमा रोजगारी सिर्जना र आयआर्जनका अवसरहरू पर्याप्त रूपमा विस्तार हुन सकेका छैनन्। यसले युवाशक्तिको उत्पादनशील परिचालन तथा स्थानीय अर्थतन्त्रको सबलीकरणमा चुनौती थपेको छ।

**१७.** नगर क्षेत्रभित्र सञ्चालनमा रहेका पसल, व्यापारिक प्रतिष्ठान तथा अन्य व्यवसायहरूको पूर्ण अभिलेखीकरण, दर्ता तथा नवीकरण प्रक्रिया प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्दा करको दायरा अपेक्षित रूपमा विस्तार हुन सकेको छैन। कतिपय व्यवसायहरू अझै पनि अनौपचारिक रूपमा सञ्चालन भइरहेका छन्, जसले राजस्व संकलनमा प्रत्यक्ष असर पु¥याएको छ। व्यवसायमैत्री वातावरण सिर्जना गर्दै कर प्रशासनलाई चुस्त र प्रभावकारी बनाउने तथा सबै व्यवसायलाई कानुनी दायराभित्र ल्याउने स्पष्ट नीति, कार्यक्रम र अनुगमन संयन्त्रको आवश्यकता महसुस गरिएको छ।

**१८.** कृषि क्षेत्र नगरपालिकाको अर्थतन्त्रको प्रमुख आधार भए तापनि वर्तमान अनुदान तथा प्रोत्साहन प्रणाली पर्याप्त रूपमा परिणाममुखी, वस्तुनिष्ठ र उत्पादनमा आधारित हुन नसक्दा कृषि क्षेत्रको व्यवसायीकरण, आधुनिकीकरण तथा प्रतिस्पर्धात्मक विकासमा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन। उत्पादन लागत वृद्धि, बजारको अनिश्चितता, प्रविधिको सीमित पहुँच तथा कृषि उपजको उचित मूल्य सुनिश्चित हुन नसक्दा कृषकहरू निरुत्साहित हुने अवस्था देखिएको छ। कृषि अनुदानलाई उत्पादन, उत्पादकत्व, व्यावसायिकता तथा नतिजासँग आबद्ध गर्दै कृषि क्षेत्रलाई आत्मनिर्भर र आयमुखी बनाउनु आजको प्रमुख आवश्यकता बनेको छ।

**उपरोक्त चुनौतीहरूको सम्बोधन गर्दै स्थानीय स्रोत, साधन, सीप र सम्भावनाको अधिकतम उपयोगमार्फत नवप्रवर्तन उन्मुख आत्मनिर्भर, उत्पादनमुखी, रोजगारमूलक र दिगो स्थानीय अर्थतन्त्र निर्माण गर्नु हाम्रो साझा दायित्व र आगामी कार्यदिशा हुनेछ।**

**श्रद्धेय सभाका अध्यक्षज्यू,**

आगामी आर्थिक वर्ष २०८३/८४ का लागि योजना तथा कार्यक्रम तर्जुमा गर्दा उपलब्ध सीमित स्रोत–साधनको अधिकतम उपयोग, दिगो विकास, समावेशी आर्थिक समृद्धि तथा नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने उद्देश्यलाई केन्द्रमा राखी निम्नानुसारका प्राथमिकताका आधारहरू निर्धारण गरिएको व्यहोरा सम्मानित सभासमक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु।

**<u>योजना तथा कार्यक्रम प्राथमिकीकरणका आधारहरू:</u>**

• क्रमागत तथा अधुरा आयोजनाहरुलाई पहिलो प्राथमिकतामा राखिनेछ ।

• रोजगारी तथा स्वरोजगारीका अवसर सिर्जना गरी स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउने योजना तथा कार्यक्रमहरूलाई प्राथमिकतामा राखिनेछ ।

• कृषिको आधुनिकीकरण, व्यवसायीकरण तथा यान्त्रीकरणमार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्ने कार्यक्रमहरूलाई प्राथमिकतामा राखिनेछ ।

• शिक्षा क्षेत्रमा गुणस्तरीयता अभिवृद्धि गर्न बालमैत्री, प्रविधिमैत्री तथा आवश्यक भौतिक पूर्वाधार विकास र सुधारका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

• वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन तथा विपद् उत्थानशीलता प्रवर्द्धन गर्ने योजना तथा

कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।

• लागत साझेदारी तथा प्रत्यक्ष जनसहभागिता सुनिश्चित गर्ने खालका आयोजनाहरूलाई प्राथमिकता प्रदान गर्ने।

• कृषि पकेट क्षेत्र, ब्लक क्षेत्र तथा सामूहिक बगैंचा विस्तार र विकासका कार्यक्रमहरूलाई प्रवर्द्धन गर्ने।

• नगरपालिकाको आवधिक योजनाले निर्देशित गरेका योजना तथा कार्यक्रमहरूलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने।

• खानेपानी, सरसफाई, सार्वजनिक स्वास्थ्य तथा वातावरण संरक्षणसँग सम्बन्धित कार्यक्रमहरूलाई विशेष प्राथमिकता दिने।

• संघीय तथा प्रदेश सरकारका नीति, कार्यक्रम र प्राथमिकतासँग तादात्म्य कायम हुने योजना तथा कार्यक्रमहरू समावेश गर्ने।

• विपद् जोखिम न्यूनीकरण, विपद् व्यवस्थापन, भूकम्प प्रभावित निजी आवास तथा सार्वजनिक संरचनाको प्रबलीकरण र पुनर्निर्माणसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने।

• निजी, सहकारी तथा सरकारी क्षेत्रको साझेदारीमा युवा सशक्तीकरण, उद्यमशीलता विकास तथा सकारात्मक सोंच सहित नवप्रवर्तन उद्यमी उन्मुख नेतृत्व प्रवर्द्धन गर्ने कार्यक्रमहरूलाई प्राथमिकता दिने।

• गरिबी न्यूनीकरण, आयआर्जन वृद्धि तथा रोजगारी सिर्जनामा प्रत्यक्ष योगदान पुऱ्याउने योजना तथा कार्यक्रमहरूलाई समेट्ने।

• आन्तरिक राजस्व वृद्धि तथा स्रोत परिचालनमा सहयोग पुग्ने कार्यक्रम तथा आयोजनाहरूलाई प्राथमिकता दिने।

• लैङ्गिक समानता, सामाजिक समावेशीकरण, सशक्तीकरण तथा समान अवसर सुनिश्चित गर्ने नीति, योजना तथा कार्यक्रमहरू सञ्चालन गर्ने।

• स्थानीय भाषा, कला, संस्कृति, परम्परा तथा मौलिक पहिचानको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्ने कार्यक्रमहरूलाई प्राथमिकता दिने।

• जातीय, लैङ्गिक, भाषिक, धार्मिक तथा सांस्कृतिक विभेद र असमानता न्यूनीकरण गर्दै सामाजिक सद्भाव, सहिष्णुता, एकता र सशक्तीकरण प्रवर्द्धन गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने।

• न्यून लागतमा उच्च प्रतिफल प्राप्त हुने तथा विपन्न वर्ग, पिछडिएको क्षेत्र र लक्षित समुदायलाई प्रत्यक्ष लाभ पुग्ने खालका आयोजनाहरूलाई विशेष प्राथमिकता प्रदान गर्ने।

## श्रद्धेय सभाध्यक्ष ज्यू,

अब म, **'समृद्ध छेडागाड, हाम्रो भविष्य'** भन्ने मूल नारालाई आत्मसात् गर्दै, चालु आर्थिक वर्ष २०८२/८३ को स्वीकृत नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनको हालसम्मको प्रगति स्थिति, हासिल

भएका प्रमुख उपलब्धि, कार्यन्वयनका क्रममा देखिएका चुनौतीहरू तथा प्राप्त सिकाइहरू समेटिएको संक्षिप्त समीक्षा यस सम्मानित नगरसभासमक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट अनुमानको तुलनामा केही शीर्षकहरूमा राजस्व र अनुदान घट्ने प्रक्षेपण गरिएको छ। जसअन्तर्गत, संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानमा ८.६ प्रतिशत (रु. ९८ लाख ६६ हजार ७ सय) र राजस्व बाँडफाँडतर्फ १४.५ प्रतिशत (रु. १ करोड ९६ लाख ९३ हजार ८ सय ८२) रकम न्यून प्राप्त हुने देखिन्छ। यसैगरी, प्रदेश सरकारबाट प्राप्त हुने सवारी कर वापतको रकम समेत अनुमानभन्दा रु. ७ लाख ३२ हजार ८ सय १० कम हुने देखिन्छ। यद्यपि, नगरपालिकाको आन्तरिक स्रोत भने लक्ष्य अनुसार नै परिचालन हुने अनुमान छ। समग्रमा, बाह्य स्रोतहरूमा आएको यस गिरावटले गर्दा आगामी आर्थिक वर्षमा नगरपालिकामा रु. ३ करोड २ लाख ९३ हजार ३ सय ९२ बराबरको थप वित्तीय दायित्व सिर्जना हुने देखिन्छ।

**श्रद्धेय सभाध्यक्ष महोदय,**

अब म चालु आ.व. ०८२/०८३ मा क्षेत्रगत बजेटको विनियोजन र खर्चको अवस्थाबारे सभामा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**तपसिल :**

| शिर्षक | प्रस्तावित रकम | हालसम्म प्राप्त | प्राप्त बजेट प्रतिशत | हालसम्मको खर्च | प्राप्त भएको बजेटको खर्च प्रतिशत | प्राप्त नभएको बजेट | प्राप्त नभएको बजेट प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| **संघीय सरकार** | | | | | | | | |
| वित्तिय समानीकरण अनुदान | ११५४०००००० | १०५५३३३०० | ९१.५ | ६४६३१७४५ | ६१.२ | ९८६६७०० | ८.६ | |
| सशर्त अनुदान(चालु) | ३६१८४००००० | ३५८७३९९९० | ९९.१ | २६०३७५६६८ | ७२.६ | ३१०००१० | ०.९ | |
| सशर्त अनुदान (पुँजीगत) | ८६०००००० | ८६०००००० | १००.० | ३२४००००० | ३७.७ | ० | ०.० | |
| समपुरक | ९८०००००० | ३१०६९२३ | ३१.७ | ३१०१००६ | ९९.८ | ६६९३०७७ | ६८.३ | |
| राजश्व बाँडफाँड | १३५३८३७७३ | ११५६८९८९१ | ८५.५ | ९७७३९६६३ | ८४.५ | १९६९३८८२ | १४.५ | |
| **जम्मा** | **६३१०२३७७३** | **५९१६७०१०४** | **९३.८** | **४२९०८८०८२** | **७२.५** | **३९३५३६६९** | **९२.३** | |
| **प्रदेश सरकार** | | | | | | | | |
| विशेष अनुदान | ९५०००००० | ९५०००००० | १०० | ४२२०४० | ४ | ० | १०० | |
| वित्तिय समानीकरण अनुदान | १४६६१००० | १४६६१००० | १०० | ६०५११३१ | ४१ | ० | ० | |
| सशर्त अनुदान (चालु) | २१९३७००० | २१९३७००० | १०० | ७१८६७१६ | ३२.८ | ० | ०.० | |
| सशर्त अनुदान (पुँजीगत) | ४१०००००० | ४१०००००० | १०० | १६८०१८७२ | ४१.० | ० | ०.० | |
| राजश्व बाँडफाँड | १८०००००० | १०६७१९० | ५९.३ | ५२६८२२ | ४९.४ | ७३२८१० | ४०.७ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **जम्मा** | **८८८९८०००** | **८८१६५१९०** | **९९** | **३०९८८५८१** | **३५** | **७३२८१०** | **१** | |
| **नगरपालिका** | | | | | | | | |
| राजश्व अनुमान/प्रक्षेपण | ७०७६८१८ | ४६५०८०९ | ६५.७ | ३०२७२८५ | ६५.१ | २४२६००९ | ३४.३ | |
| अ.ल्या. | ३२२८७५० | १२३७३३९ | ३८.३ | ४४०००० | ३५.६ | १९९१४११ | ६१.७ | |
| **जम्मा** | **१०३०५५६८** | **५८८८१४८** | **५७.१** | **३४६७२८५** | **५८.९** | **४४१७४२०** | **४२.९** | |
| कूल संघ+प्रदेश+नगरपालिका | ७३०२२७३४१ | ६८५७२३४४२ | ९३.९ | ४६३५४३९४८ | ६७.६ | ४४५०३८९९ | ६.१ | |

**श्रद्धेय सभाध्यक्ष ज्यू,**

**नगरसभाका सदस्यज्यूहरू,**

अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटको दीर्घकालीन सोच (Vision), लक्ष्य (Goal) तथा उद्देश्य (Mission) प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## दीर्घकालीन सोच (Vision)

यस नगरपालिकाको दिर्घकालीन सोंच **"समृद्ध छेडागाड, हाम्रो भविष्य"** रहेको छ । स्थानीय स्रोत, साधन, सीप र सम्भावनाको अधिकतम उपयोग गर्दै आर्थिक, सामाजिक, सांस्कृतिक तथा पूर्वाधार विकासमार्फत समुन्नत, आत्मनिर्भर, समावेशी र दिगो छेडागाड नगरपालिकाको निर्माण गर्नु नै यस बजेटको दीर्घकालीन सोंच रहेको छ।

## लक्ष्य (Goal)

उपलब्ध स्रोत-साधनको समुचित परिचालन, उत्पादनशील क्षेत्रको प्रवर्द्धन, रोजगारी सिर्जना, सुशासनको सुदृढीकरण तथा विकासका अवसरहरूको न्यायोचित वितरणमार्फत आत्मनिर्भर, समृद्ध र नागरिकमैत्री छेडागाड नगरपालिका निर्माण गर्नु यस बजेटको प्रमुख लक्ष्य रहेको छ।

## उद्देश्य (Mission)

१. वडा नं. ५ चंखिलामा निर्माण सम्पन्न भैसकेको नगरपालिकाको प्रशासकीय भवनको व्यवस्थापन कार्यलाई उच्च प्राथमिकताका साथ सम्पन्न गरी आगामी आ.व. को पहिलो चौमासिकभित्र आफ्नै भवनबाट सेवा प्रवाह सञ्चालन गर्ने।

२. कृषि, पशुपालन, उद्योग, पर्यटन, खानी तथा जडीबुटी क्षेत्रको व्यावसायीकरणमार्फत उत्पादन, उत्पादकत्व र आय वृद्धि गर्दै रोजगारी तथा स्वरोजगारका अवसर सिर्जना गर्ने।

३. सार्वजनिक शिक्षाको गुणस्तर अभिवृद्धिका लागि विद्यालय समायोजन, शिक्षक दरबन्दी मिलान, शिक्षक तथा विद्यालय कर्मचारीको क्षमता विकास, विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा बाल सञ्जालको सशक्तीकरण गरी प्रतिस्पर्धी, सीपमूलक र व्यवहारिक शिक्षा प्रणालीको विकास गर्ने।

४. स्वास्थ्य संस्थाहरूमा आवश्यक दक्ष जनशक्ति, औषधि, उपकरण तथा पूर्वाधारको व्यवस्था गरी गुणस्तरीय, सर्वसुलभ र पहुँचयोग्य स्वास्थ्य सेवा सुनिश्चित गर्ने।

५. ठेक्का लागि निर्माणाधीन अवस्थामा रहेको वडा नं. १ को वडा कार्यालय भवनहरूलाई यथाशीघ्र सम्पन्न गरी सेवा सुचारु गर्न आवश्यक समन्वय गरी आगामी आर्थिक वर्षको पहिलो चौमासिकभित्र आफ्नै भवनबाट सेवा प्रवाहको व्यवस्था गर्ने र वडा नं. ७ र ८ को वडा कार्यालयको भवन प्रदेश सरकारसँगको समपुरक  साझेदारीमा निर्माण गरिनेछ ।

६. बालमैत्री स्थानीय शासन, पूर्ण सरसफाइयुक्त नगरपालिका तथा बालश्रममुक्त नगरपालिका घोषणा गर्ने अभियानलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।

७. सार्वजनिक सेवामा पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्व र नागरिक सहभागिता अभिवृद्धि गरी सुशासनयुक्त, उत्तरदायी र नागरिकमैत्री स्थानीय सरकारको प्रत्याभूति दिलाउने।

८. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई सुदृढ बनाउँदै महामारी, प्राकृतिक प्रकोप तथा आकस्मिक संकटको समयमा प्रभावकारी उद्धार, राहत र पुनर्स्थापना कार्य सुनिश्चित गर्ने।

९. नगरपालिकाको दीर्घकालीन विकासका लागि कृषि, पर्यटन, शहरी विकास, खानेपानी, सडक तथा अन्य पूर्वाधार क्षेत्रका आवश्यक गुरुयोजनाहरू निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्ने।

१०. सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोग गरी छेडागाड नगरपालिकालाई क्रमशः **सूचना प्रविधिमैत्री (E-Municipality)** तथा **डिजिटल सुशासनयुक्त स्मार्ट नगरपालिका**को रूपमा विकास गर्ने।

११. समावेशी, शिक्षा सहित समावेशी विकास, लैङ्गिक समानता, सामाजिक न्याय तथा वातावरणीय सन्तुलनलाई विकासका सबै कार्यक्रमहरूको मूल आधारका रूपमा स्थापित गर्दै दिगो विकास लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने।

**श्रद्धेय सभाध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम कार्यान्वयनबाट हासिल हुने प्रमुख अपेक्षित उपलब्धिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

• नगरपालिकाको आफ्नै प्रशासकीय भवनबाट सेवा प्रवाहको व्यवस्था सुनिश्चित भई हाल घरभाडा शीर्षकमा व्यहोर्नु परिरहेको व्ययभारमा उल्लेखनीय कमी आउनेछ तथा सेवा प्रवाह थप व्यवस्थित, प्रभावकारी र नागरिकमैत्री बन्नेछ।

• विगत वर्षहरूमा संघीय तथा प्रदेश सरकारबाट बजेट विनियोजन भई ठेक्का सम्झौता तथा उपभोक्ता समितिमार्फत सञ्चालन भएका क्रमागत तथा अधुरा आयोजनाहरू सम्पन्न भई नागरिकले प्रत्यक्ष रूपमा विकासको प्रतिफल प्राप्त गर्नेछन्।

• कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण तथा बजारीकरणलाई प्रवर्द्धन गरी उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ। यसबाट कृषि स्वरोजगारका अवसर सिर्जना भई स्थानीय अर्थतन्त्र सुदृढ हुन सहयोग पुग्नेछ।

• आर्थिक तथा सामाजिक असमानता, विभेद र पछौटेपन न्यूनीकरण गर्दै समावेशी, आत्मनिर्भर र समुन्नत नगरपालिकाको निर्माणमा टेवा पुग्नेछ।

• नागरिकको सहज जीवनयापन तथा गुणस्तरीय सेवा प्राप्तिको आधार तयार गर्न आवश्यक भौतिक पूर्वाधारहरूको विकास तथा विस्तार गरिनेछ।

• शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा नागरिकको पहुँच अभिवृद्धि गरी दक्ष, सक्षम तथा प्रतिस्पर्धी जनशक्ति उत्पादन र परिचालनमा योगदान पुग्नेछ।

• विद्यालयहरूको भौतिक पूर्वाधार सुधार, शैक्षिक सामग्री तथा सिकाइ वातावरणको सुदृढीकरणमार्फत शैक्षिक गुणस्तर अभिवृद्धि भई दक्ष जनशक्ति उत्पादनमा सहयोग पुग्नेछ।

• जलवायु परिवर्तनका असर तथा जोखिम न्यूनीकरणका लागि जलवायु अनुकूलन, न्यूनीकरण तथा उत्थानशीलता अभिवृद्धिसम्बन्धी कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गरी वातावरणमैत्री तथा जलवायुमैत्री नगरपालिका निर्माणको आधार तयार हुनेछ।

• सार्वजनिक सेवा प्रवाहमा देखिएका ढिलासुस्ती, अन्योल, अकर्मण्यता तथा गैरजिम्मेवार प्रवृत्तिहरूलाई नियन्त्रण गरी जनउत्तरदायी प्रशासन, सुशासन र पारदर्शितायुक्त नगरपालिका निर्माणमा महत्वपूर्ण उपलब्धि हासिल हुनेछ।

• सहिद परिवार, बेपत्ता परिवार, घाइते योद्धा, ज्येष्ठ नागरिक, एकल महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति तथा अन्य लक्षित वर्गका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ, जसबाट सामाजिक सुरक्षा, संरक्षण तथा सशक्तीकरणमा सकारात्मक प्रभाव पर्नेछ।

• बालमैत्री स्थानीय शासनको अवधारणा अनुरूप आर्थिक वर्ष २०८३/०८४ को अन्त्यसम्म नगरपालिकाका सबै वडाहरू बालमैत्री स्थानीय वडा घोषणा हुने लक्ष्य हासिल गरिनेछ।

• नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि, सेवा प्रणाली सुदृढीकरण तथा सुशासन प्रवर्द्धनमार्फत वित्तीय अनुशासन कायम गरी वित्तीय जोखिम न्यूनीकरणमा सहयोग पुग्नेछ।

• आन्तरिक राजस्व परिचालनलाई थप व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाइनेछ। करदातामैत्री नीति अवलम्बन, करको दायरा विस्तार, निजी क्षेत्रको लगानी प्रवर्द्धन तथा राजस्व सुधार कार्ययोजनाको प्रभावकारी कार्यान्वयनमार्फत नगरपालिकाको वित्तीय आत्मनिर्भरता अभिवृद्धि हुने अपेक्षा गरिएको छ।

• समग्रमा प्रस्तुत बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट "**समृद्ध छेडागाड, हाम्रो भविष्य**" निर्माणको आधार थप सुदृढ भई दिगो विकास, सुशासन र समृद्धिको यात्रामा नगरपालिकाले महत्वपूर्ण उपलब्धि हासिल गर्ने विश्वास लिएको छु।

**श्रद्धेय सभाध्यक्ष महोदय,**

म अब यस नगरसभामा आर्थिक वर्ष २०८३/०८४ को बजेट तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख कानुनी तथा नीतिगत आधारहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## बजेट तर्जुमाका प्रमुख कानुनी तथा नीतिगत आधारहरूः

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तरसरकारी वित्त हस्तान्तरण ऐन, २०७४
- कर्णाली प्रदेश दोस्रो पञ्चवर्षीय आवधिक योजना
- कर्णाली प्रदेश सरकारको विनियोजन ऐन, २०८३
- चालु सोह्रौं आवधिक योजना
- संघीय सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्य (२०८३/०८४)
- प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्य (२०८३/०८४)
- छेडागाड नगरपालिकाको आवधिक योजना
- छेडागाड नगरपालिकाको अर्थ विधेयक, २०८३
- छेडागाड नगरपालिकाको विनियोजन विधेयक, २०८३
- दिगो विकास लक्ष्य (सन् २०१५–२०३०)
- छेडागाड नगरपालिकाको नगर प्रोफाइल

• वस्ति तथा टोलस्तरीय भेला, वडा समिति मार्फत सहभागीमूलक योजना तर्जुमा प्रक्रियाबाट आएका आयोजना तथा कार्यक्रमहरू

• छेडागाड नगरपालिकाको क्षेत्रमा विद्यमान विकास सम्बन्धी अवसर, चुनौती तथा वस्तुस्थितिको विश्लेषण

• विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरूले प्राथमिकताका साथ कार्यान्वयनका लागि तय गरेका परियोजना तथा कार्यक्रमहरू

**श्रद्धेय सभाध्यक्ष महोदय,**

अब म आ.व. २०८३/०८४ का बजेटका मुख्य मुख्य कार्यक्रमहरू र सो शीर्षकमा विनियोजित बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१. यस नगरपालिकामा निर्माणाधीन अवस्थामा रहेको नगर अस्पताल भवनको सुरक्षाका सन्दर्भमा, अघिल्ला वर्षहरुमा आएको भीषण बाढी र पहिरोका कारण भवनको माथिल्लो भागमा 'सेयर वाल' (Shear Wall) निर्माण गरी जोखिम न्यूनीकरण गर्नुपर्ने बाध्यात्मक परिस्थिति सिर्जना भएको थियो। सोही बमोजिम, भवनलाई सुरक्षित राख्न स्वीकृत टेण्डरकै रकमबाट सेयर वाल निर्माण कार्य सम्पन्न भइसकेको छ। संघीय सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमार्फत बजेट निकासा हुने यस आयोजनामा, सेयर वाल निर्माणमा खर्च भएको रकम यसै नगरपालिकाबाट सोधभर्ना (Reimbursement) गरी भवन निर्माणलाई पूर्णता दिनुपर्ने अवस्था भएकोले उक्त कार्यका लागि कुल रु. २ करोड ७५ लाख रकम आवश्यक पर्ने भए तापनि, स्रोतको उपलब्धता र प्राथमिकतालाई ध्यानमा राखी आगामी आर्थिक वर्षका लागि रु. ५० लाख विनियोजन गरेको छु। बाँकी रकम आगामी बजेटहरूमा सुनिश्चित गर्दै लगिनेछ ।

२. हेल्भेटास नेपाल (स्वीस इन्टरकोअपरेशन) र यस नगरपालिकाको साझेदारीमा सञ्चालन हुने खानेपानी तथा सरसफाइ आयोजनाका लागि समपूरक अनुदानतर्फ रु. ५० लाख विनियोजन गरेको छु।

३. चालु आर्थिक वर्षमा यस नगरपालिकाको अनिवार्य दायित्व सृजना हुने, क्रमागत तथा अधुरा योजनाहरूलाई पूर्णता दिनु हाम्रो पहिलो प्राथमिकता रहेको छ । तसर्थ, नगरपालिकाको स्रोत र आवश्यकताका आधारमा बजेटको सीमा (Ceiling) निर्धारण गरी १३ वटै वडाहरूमा भौतिक पूर्वाधार, सामाजिक विकास तथा बालमैत्री र अन्य सामाजिक सुरक्षा तथा विपद व्यवस्थापनसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्नका लागि कुल रु. ३ करोड विनियोजन गरेको छु।

४. नगरपालिकाको नवनिर्मित प्रशासकीय भवनबाट आगामी आर्थिक वर्षको पहिलो चौमासिकभित्रै सेवा सञ्चालन गर्ने गरी तयारी अगाडि बढाइएको छ। चंखिलास्थित उक्त नवनिर्मित भवन परिसरमा सुरक्षा

घेराबार (कम्पाउन्ड वाल) नहुँदा भौतिक संरचनाको सुरक्षामा चुनौती पुग्ने र समग्र सेवा प्रवाहमा समेत असर पर्ने अवस्थालाई मध्यनजर गर्दै, सो भवनको घेराबार तथा परिसर व्यवस्थापन कार्यका लागि रु. ५० लाख विनियोजन गरेको छु।

५. हाम्रो स्थानीय अर्थतन्त्रको मुख्य आधार मानिएको कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण र उत्पादकत्व वृद्धिका लागि आगामी आर्थिक वर्षमा कृषि उपशाखातर्फ रु. २० लाख विनियोजन गरेको छु। यस रकमबाट कृषकहरूलाई उन्नत बीउबिजन, आधुनिक प्रविधि हस्तान्तरण, साना सिँचाइ आयोजना तथा उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गरी खाद्यान्न आत्मनिर्भरता र कृषकको आयआर्जनमा सुधार ल्याइनेछ।

६. पशुपालन तथा दुग्ध व्यवसायलाई ग्रामीण रोजगारी र स्वरोजगारीको दिगो माध्यम बनाउन पशुपंक्षी विकास उपशाखातर्फ रु. २० लाख बजेट प्रस्ताव गरेको छु। यस बजेटमार्फत उन्नत जातका पशुपंक्षी वितरण, नश्ल सुधार, महामारी नियन्त्रणका लागि खोप कार्यक्रम तथा पशु स्वास्थ्य सेवालाई किसानको गोठसम्म पुऱ्याउने कार्यलाई निरन्तरता दिइनेछ।

७. स्थानीय कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन गरी स्थानीय स्तरमै रोजगारीका अवसरहरू सिर्जना गर्न उद्योग वाणिज्य शाखाका लागि रु. १० लाख विनियोजन गरेको छु। यस रकमबाट उद्यमी बन्न चाहने युवा तथा महिलाहरूका लागि सीपमूलक तालिम, प्रविधि सहयोग र स्थानीय उत्पादनको बजार व्यवस्थापनमा टेवा पुऱ्याइनेछ।

८. पश्चिम जाजरकोटको छेडागाड नगरपालिका ३ स्थित श्री जनज्ञानकुञ्ज क्याम्पसको शैक्षिक तथा प्रशासनीक व्यवस्थापनमा सहयोग पुग्ने गरी रु. २ लाख विनियोजन गरेको छु र यस कार्यलाई आगामी दिनहरुमा निरन्तरता दिइनेछ ।

९. गुणस्तरीय शिक्षा र दक्ष जनशक्ति निर्माण हाम्रो उच्च प्राथमिकताको विषय हो। सामुदायिक विद्यालयहरूको भौतिक तथा शैक्षिक गुणस्तर सुधार, डिजिटल सिकाई प्रवर्द्धन, युवा लक्षित नेतृत्व विकास र खेलकुद क्षेत्रको चौतर्फी विकासका लागि शिक्षा, युवा तथा खेलकुद शाखातर्फ कुल रु. ६५ लाख विनियोजन प्रस्ताव गरेको छु। यसबाट विद्यार्थीहरूको शैक्षिक वातावरण सुदृढ हुनुका साथै खेलकुद पूर्वाधार निर्माणमा महत्वपूर्ण योगदान पुग्नेछ।

१०. समाजका असहाय, सीमान्तकृत र पछाडि पारिएका वर्गको संरक्षण, सशक्तिकरण र सामाजिक सुरक्षालाई सुनिश्चित गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखातर्फ रु. १० लाख बजेट छुट्याएको छु। यस रकमबाट महिलाहरूको आर्थिक आत्मनिर्भरताका कार्यक्रम, बालबालिकाको अधिकार संरक्षण र ज्येष्ठ नागरिकहरूको सम्मान तथा स्वास्थ्य सम्बन्धी लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**श्रद्धेय सभाका अध्यक्षज्यू,**

११. स्थानीय स्तरमा परम्परागत तथा प्राकृतिक चिकित्सा पद्धतिको संरक्षण र प्रवर्द्धन गर्दै सर्वसाधारणलाई आरोग्य सेवा प्रदान गर्न आयुर्वेद औषधालयका लागि रु. ७ लाख बजेट विनियोजन गरेको छु। यस बजेटबाट आयुर्वेद औषधिको नियमित उपलब्धता सुनिश्चित गरिनुका साथै नागरिकहरूमा योग र प्राकृतिक जीवनशैली सम्बन्धी सचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१२. नागरिकको स्वास्थ्यको पूर्ण ग्यारेन्टी र सफा, सुन्दर वातावरण निर्माण गर्न स्वास्थ्य तथा सरसफाई शाखातर्फ रु. ६० लाख विनियोजन गरेको छु। यस बजेटबाट आधारभूत स्वास्थ्य सेवाको सुदृढीकरण, निःशुल्क औषधि वितरण, मातृ-नवजातशिशु स्वास्थ्य सेवामा सुधार, तथा फोहोरमैला व्यवस्थापन र समुदायस्तरमा स्वच्छता सम्बन्धी अभियानहरू सञ्चालन गरी स्वास्थ्य क्षेत्रलाई भरपर्दो र पहुँचयोग्य बनाइनेछ।

१३. नगरभित्रका कृषकहरूको व्यावसायिक क्षमता अभिवृद्धि गर्न र स्थानीय उत्पादन वृद्धिमा सहयोग पुऱ्याउन विगत वर्षदेखि सञ्चालनमा रहेको लोकप्रिय **'कृषकसँग मेयर कार्यक्रम'** लाई साना किसान लघुउद्यमी प्रोत्साहन कार्यक्रम संचालन हुने गरी ठोस कार्यक्रम सहित निरन्तरता दिएको छु। यस कार्यक्रमको प्रभावकारी कार्यन्वयन र क्षेत्र विस्तारका लागि आगामी आर्थिक वर्षका लागि रु. ३० लाख विनियोजन गरेको छु ।

१४. महिला तथा बालबालिकाहरूको क्षमता विकास, संरक्षण र सशक्तिकरणका लागि चालु आव सम्म महिला बालाबालिकासँग उपमेयर कार्यक्रमलाई संधोधन गरी **'जनप्रतिनिधी (कार्यपालिका सदस्य) सँग महिला तथा बालबालिका सशक्तिकरण कार्यक्रम'** मा आवश्यक रकम विनियोजन गरेको छु ।

१५. यूवा स्वरोजगार र शसक्तिकरणतर्फ यूवा उद्यमशिलता प्रवर्द्धन कार्यक्रम (स्थानीय कच्चा पदार्थ) ढुंगा कटिङ्ग उद्योग संचालन र सीप विकास तालिमको लागि रु. १० लाख विनियोजन गरेको छु ।

१६. स्थानीय साहित्य, कला संस्कृतीको संरक्षण तथा संवर्द्धन गर्न पालिका स्तरीय साहित्य कला महोत्सव संचालन गर्नको लागि रु. ५ लाख विनियोजन गरेको छु ।

१७. **"सबैका लागि शिक्षा"** भन्ने मूल मर्मका साथ अपाङ्गता वा विशेष परिस्थितिका कारण नियमित रूपमा विद्यालय जान नसक्ने बालबालिकाहरूको शिक्षाको अधिकार सुनिश्चित गर्न यस स्थानीय सरकार प्रतिबद्ध रहेको छ। यसै परिप्रेक्ष्यमा, लक्षित बालबालिकाहरूलाई उनीहरूकै घरदैलोमा सिकाइको वातावरण सिर्जना गर्न आगामी आर्थिक वर्षमा "घरमै विद्यालय कार्यक्रम" लाई थप प्रभावकारी रूपमा निरन्तरता दिइनेछ। यस कार्यक्रममा खटिने सहजकर्ताहरूको पारिश्रमिक तथा सेवा सुविधाका लागि रु. १० लाख विनियोजन गरेको छु । सहयात्रा तेश्रो परियोजना र यस नगरपालिकाको समान लागत साझेदारीमा सहजकर्ताहरूलाई मासिक पारिश्रमिक उपलब्ध गराइनेछ।

यस नवप्रवर्तनात्मक कार्यक्रमबाट बालबालिकाको सिकाइ निरन्तरतामा प्रत्यक्ष योगदान पुग्नेछ भन्ने विश्वास लिएको छु ।

१८. स्थानीय आर्थिक विकासको मेरुदण्डका रूपमा रहेका सडक सञ्जालहरूको स्तरोन्नति, नियमित मर्मत संभार तथा दिगोपनलाई उच्च प्राथमिकतामा राखेको छु। चालू आर्थिक वर्षमा निर्माण सम्पन्न भएका तथा जीर्ण अवस्थामा रहेका मुख्य एवं सहायक सडकहरूको तत्काल मर्मत संभार गरी यातायात सेवालाई सुरक्षित, भरपर्दो र बार्है महिना सुचारु राख्नका लागि रु. मर्मत संभार कोषमा रु. ६० लाख विनियोजन गरेको छु।

**श्रद्धेय सभाध्यक्ष महोदय,**

१९. वित्तीय तथा प्राकृतिक जोखिम न्यूनीकरण, पूर्वतयारी, र आकस्मिक विपद्को समयमा तत्काल राहत तथा पुनःस्थापना कार्यलाई प्रभावकारी बनाउन विपद व्यवस्थापन कोषमा रु. २० लाख विनियोजन गरेकोछु।

२०. आर्थिक रूपले पछाडि परेका, असहाय र न्यून आय भएका नागरिकहरूको जीवनस्तरमा राहत पुऱ्याउने र सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने उद्देश्यले विपन्न नागरिक आर्थिक सहायता तथा औषधी उपचारका लागि रु. १५ लाख प्रस्ताव गरेको छु।

२१. न्याय सम्पादन र विवाद निरूपण कार्यलाई थप व्यवस्थित, मर्यादित र विश्वसनीय बनाउन स्थानीय तहमा न्यायिक समितिको भूमिका महत्त्वपूर्ण रहँदै आएको छ। सर्वसाधारण नागरिकलाई स्थानीय स्तरमै सहज र सुलभ न्यायको प्रत्याभूति गराउन न्यायिक समिति इजलास व्यवस्थापन तथा मेलमिलाप केन्द्रको सुदृढीकरण गरिनेछ। यस अन्तर्गत इजलासको भौतिक पूर्वाधार सुधार, मेलमिलापकर्ताहरूको क्षमता अभिवृद्धि र वडा स्तरसम्म मेलमिलाप केन्द्रहरूलाई सक्रिय बनाउने कार्यका लागि आगामी आर्थिक वर्षका लागि रु. १२ लाख विनियोजन गरेको छु ।

२२. नागरिकले पाउने सेवामा ढिलासुस्ती शून्यमा झार्न र कर्मचारीको कार्यसम्पादनलाई नतिजामुखी बनाउन प्रविधिको प्रयोगलाई अनिवार्य गरिनेछ। 'उपस्थितिमा अनुशासन, सेवामा सुशासन' अभियान अन्तर्गत पालिका भित्रका सम्पूर्ण वडा कार्यालयहरू र स्वास्थ्य चौकीहरूमा बायोमेट्रिक तथा अनलाइन हाजिरी प्रणाली जडान गरिनेछ। यसले विद्यालयमा पठनपाठन र स्वास्थ्य चौकीमा उपचार सेवाको नियमितता सुनिश्चित गर्नेछ। यस रुपान्तरणकारी कार्यका लागि रू. ७ लाख बजेटको व्यवस्था गरेको छु ।

२३. छिमेकी स्थानीय तहहरूसँगको पारस्परिक सम्बन्ध र साझा विकासलाई मूर्त रूप दिने नीति अनुरूप दैलेखको भगवतीमाई गाउँपालिका र यस नगरपालिकाबीच सम्पन्न समन्वयात्मक बैठकको निर्णय बमोजिम द्विपक्षीय साझेदारीका आयोजनाहरू सञ्चालन गरिनेछ। दुवै पालिकाको साझा हित,

सीमा क्षेत्रको पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन तथा अन्तर-पालिका आर्थिक सम्बन्ध सुदृढ गर्न सुयाडा मालिका मन्दिरको अधुरा संरचना निर्माण तथा मन्दिर अन्तर्गतका पुजापाठ सामाग्री (मुर्ती, घण्ट लगायतका आवश्यक सबै) व्यवस्थापनका लागि रू. १५ लाख विनियोजन गरेको छु । यस कार्यक्रमका लागि भगवतीमाई गाउँपालिकाबाट समेत आवश्यक पूर्वाधार निर्माणको लागि बजेट विनियोजन गर्ने प्रतिवद्धता समेत यस अगाडी नै भईसकेको छ ।

२४.तीव्र बजारीकरण र बढ्दो मानवीय गतिविधिका कारण स्थानीय होटल व्यवसायी तथा सर्वसाधारणबाट दिनानुदिन अत्यधिक मात्रामा फोहोरमैला उत्पादन हुने र त्यसको उचित व्यवस्थापनको अभावमा जथाभावी फालिँदा छेडाखोला र वरपरका मुख्य पानीका मुहानहरू दिनप्रतिदिन प्रदूषित बन्दै गएको र यसबाट स्थानीय नागरिकको स्वास्थ्यमा प्रतिकूल प्रभाव परिरहेकाले; समग्र वातावरणको दिगो संरक्षण, पानीका मुहानहरूको बचावट र जनस्वास्थ्यको सुनिश्चितताका लागि नगरपालिकाको एउटा उपयुक्त एवं पायक पर्ने स्थानमा वैज्ञानिक र व्यवस्थित डम्पिङ्ग साइट (फोहोरमैला व्यवस्थापन केन्द्र) निर्माण गर्न र सचेतनाका कार्यक्रम संचालन गर्न आगामी आर्थिक वर्षका लागि रु. ५ लाख विनियोजन गरेको छु ।

**श्रद्धेय सभाध्यक्ष महोदय,**

२५.सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई थप सुरक्षित, पारदर्शी र प्रविधिमैत्री बनाई लक्षित वर्गसम्म वास्तविक लाभ पुऱ्याउन चालु आर्थिक वर्षमा सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा मार्फत आइरिस (Iris) डिभाइस खरिद गर्ने व्यवस्था मिलाएको छु। राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको केन्द्रीय प्रणालीसँग आबद्ध गरी जैविक पहिचान (Biometric Verification) मार्फत सामाजिक सुरक्षाकोष र व्यक्तिगत घटना दर्ता प्रणालीलाई सुदृढ गर्न यस कार्यक्रमका लागि रु. ४ लाख विनियोजन गरेको छु।

२६.स्थानीय स्तरमा उपलब्ध जनशक्तिलाई रोजगारीका अवसरहरूसँग जोड्दै युवा श्रमशक्तिको पलायन रोक्न र आन्तरिक उत्पादनशील रोजगारीका क्षेत्रहरू विस्तार गर्न हामीले विशेष जोड दिएका छौं । बेरोजगार नागरिकहरूलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्दै स्थानीय पूर्वाधार निर्माण र सामुदायिक सम्पत्तिको विकासमा परिचालन गर्न राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत समपूरक अनुदान तर्फ रु. १० लाख विनियोजन गरेको छु। यस कार्यक्रमबाट श्रममूलक प्रविधिको प्रवर्द्धन भई स्थानीयस्तरमा आर्थिक गतिविधि चलायमान हुने अपेक्षा लिएको छु।

२७. स्वस्थ, सबल र सक्षम नागरिक नै समृद्धिको मुख्य आधार हुन् भन्ने मान्यताका साथ गर्भावस्थादेखि नै बालबालिकाको पोषण सुरक्षा सुनिश्चित गर्न हामी प्रतिबद्ध छौं। महिला, बालबालिका तथा किशोर-किशोरीहरूको पोषण स्थितिमा गुणात्मक सुधार ल्याई कुपोषणको समस्यालाई सदाका

लागि अन्त्य गर्न स्वास्थ्य, शिक्षा, कृषि र सरसफाइ जस्ता क्षेत्रहरूको एकीकृत परिचालनका लागि बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत समपूरक अनुदान तर्फ रु. ५ लाख विनियोजन गरेको छु। यस कार्यक्रमले दिगो विकास लक्ष्य हासिल गर्न र सुरक्षित मातृत्व एवं बाल स्वास्थ्यमा उल्लेखनीय सुधार ल्याउने विश्वास लिएको छु।

२८. आगामी आर्थिक वर्षमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसँगको साझेदारीलाई थप प्रभावकारी बनाउने नीति अनुरुप हेल्भेटास नेपाल र पहाडी क्षेत्र विकास अभियानद्वारा संचालित हेलो धारा कार्यक्रम र पाँचतारा यूवा संरक्षक मञ्चद्वारा संचालित IPAS नेपालसँगको साझेदारीका लागि क्रमश: रु. ४/४ लाख विनियोजन गरेको छु ।

२९. सामुदायिक विद्यालय विद्यालयका बालबालिकाहरूका लागि सञ्चालित स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न एकवडा एक नमूना दिवा खाजाघर निर्माण अभियान तर्फ रु. १५ लाख विनियोजन गरेको छु।

३०. यस नगरपालिका वडा नं. ४ चौरजेवा लिफ्ट मुस खानेपानी तथा सरसफाई आयोजना संचालनका लागि पहाडी क्षेत्र विकास अभियान जाजरकोटको सहजीकरणमा ESWASH Scale Up परियोजना सँग आवश्यक लागत साझेदारी गर्न रु. १८ लाख विनियोजन गरेको छु ।

३१. यस नगरपालिका र सेभ द चिल्ड्रेन पाँचतारा यूवा संरक्षक मञ्च जाजरकोटद्वारा संचालित सहयात्रा तेश्रो परियोजना अन्तर्गतका विभिन्न परियोजना संचालनको लागि आवश्यक पर्ने समपुरक अनुदान वापतको रकम रु. १० लाख विनियोजन गरेको छु ।

३२. सार्वजनिक सेवा प्रवाहलाई थप परिष्कृत, प्रविधिमैत्री र उत्तरदायी बनाउन आगामी आर्थिक वर्षमा सूचना प्रविधि संचालन, व्यवस्थापन तथा AI प्रविधि प्रवर्द्धनको लागि आवश्यक बजेट विनियोजन गरेको छु। यस बजेटबाट विद्यमान डिजिटल पूर्वाधारको सुदृढीकरण गर्नुका साथै दैनिक प्रशासनिक कार्य र नागरिक सेवा प्रवाहमा आर्टिफिसियल इन्टेलिजेन्स (AI) र स्वचालित प्रणाली (Automation) को आंशिक सुरुवात गरिनेछ। यसबाट सेवाग्राहीले चौबीसै घण्टा (२४/७) सूचना पाउने र सरकारी कामकाज पारदर्शी एवं सुरक्षाको प्रत्याभूती हुने विश्वास लिएको छु।

३३. नगरपालिकाको स्वामित्वमा रहेका सम्पूर्ण सरकारी तथा अत्यावश्यक सेवाका सवारी साधनहरूको कानुनी दायित्व पूरा गर्न, भौतिक सुरक्षा सुनिश्चित गर्न र सम्भावित जोखिम न्यूनीकरणका लागि आगामी आर्थिक वर्षमा सवारी साधन विमा तथा नविकरण शीर्षकमा रु. ९ लाख विनियोजन गरेको छु। यस रकमबाट नगरपालिका मातहतका सम्पूर्ण सवारी साधनहरूको समयमै नवीकरण, कर

भुक्तानी तथा पूर्ण (फुल बडी) विमा कार्य सम्पन्न गरी सरकारी सम्पत्तिको संरक्षण र निर्वाध सञ्चालन सुनिश्चित गरिनेछ।

३४. नगरपालिकाका १३ वटै वडा कार्यालयहरू तथा नगरपालिकाका विभिन्न शाखाहरूमा उपलब्ध रहेका पुराना ल्यापटप, कम्प्युटर तथा सूचना प्रविधिका उपकरणहरूलाई तत्काल नयाँ खरिद गर्न बजेटको सीमितताका कारण सम्भव नभएकाले, हाल भएकै पुराना उपकरणहरूलाई उच्च प्राथमिकताका साथ मर्मत-सम्भार गरी सञ्चालनयोग्य बनाउनु पर्ने बाध्यात्मक परिस्थिति रहेको छ। वडा तथा शाखाबाट प्रवाह हुने नागरिक सेवालाई प्रविधिमैत्री र निरन्तरता दिन, डिजिटल प्रणालीलाई सुचारु राख्न र मौजुदा मेसिनरी औजारहरूको आयु बढाउनका लागि मेसिनरी औजार खरिद तथा मर्मत खर्च शीर्षकमा रु. २० लाख विनियोजन गरेको छु।

**श्रद्धेय सभाध्यक्ष महोदय,**

३५. नगरपालिकाको प्रशासनिक कार्य, विकास निर्माण र आकस्मिक जनसेवालाई गतिशीलता दिन सवारी साधनहरूको चुस्त दुरुस्त अवस्था अनिवार्य रहन्छ। नगरपालिकामा रहेका २ वटा गाडी, जनताको स्वास्थ्य उपचारमा चौबिसै घण्टा खटिने १ वटा एम्बुलेन्स, विकास निर्माण तथा विपद् व्यवस्थापनमा प्रयोग हुने १ वटा ब्याक्हो लोडर (जेसीबी) र फोहोरमैला व्यवस्थापन एवं ढुवानीमा प्रयोग हुने १ वटा ट्याक्टरलाई निरन्तर मर्मत-सम्भार गरी पूर्ण रूपमा सञ्चालन योग्य राखिरहनु पर्ने आवश्यकता छ। यी अति आवश्यक हेभी इक्विपमेन्ट र सवारी साधनहरूको इन्धन, मर्मत तथा दैनिक सञ्चालन कार्यलाई व्यवस्थित बनाउन सवारी साधन मर्मत तथा सञ्चालन खर्च शीर्षकमा रु. २० लाख विनियोजन गरेको छु।

३६. सार्वजनिक खर्चमा पारदर्शिता, आर्थिक अनुशासन र जवाफदेहिता प्रवर्द्धन गर्न लेखा समितिको भूमिकालाई थप सुदृढ बनाइनेछ। यस समितिको नियमित सञ्चालन, अनुगमन तथा व्यवस्थापकीय कार्यलाई थप प्रभावकारी र व्यवस्थित बनाउन आगामी आर्थिक वर्षका लागि रु. २ लाख विनियोजन गरेको छु।

३७. हाल नगरपालिका तथा वडा कार्यालयहरूको आन्तरिक राजस्व संकलन क्षमता कमजोर रहेको यथार्थलाई दृष्टिगत गरी, बाह्य अनुदान र वित्तीय हस्तान्तरणको निर्भरतालाई क्रमशः न्यून गर्दै वित्तीय स्वायत्तता र आर्थिक आत्मनिर्भरता हासिल गर्न आन्तरिक स्रोतको समन्यायिक र अधिकतम परिचालन गर्न, सबै वडा कार्यालयहरूमा 'प्रविधिमैत्री अनलाइन राजस्व प्रणाली' अनिवार्य गर्ने अभियान सञ्चालन गर्न, राजस्वका सम्भाव्य क्षेत्रहरूको वैज्ञानिक पहिचान र चुहावटका छिद्रहरू बन्द गरी समग्र कर प्रशासनलाई प्रविधिमैत्री एवं पारदर्शी बनाउन, तथा कर्मचारीको क्षमता विकासका लागि तालिम, प्रभावकारी बजार नियमन र आकस्मिक अनुगमन कार्यलाई एकीकृत रूपमा अगाडि बढाई दीर्घकालीन वृहत् राजस्व संकलनको बलियो आधार तयार पार्ने उच्च प्रतिफलको रणनीतिक उद्देश्यसहित 'राजस्व

सुधार कार्ययोजना तथा रणनीति' निर्माणका लागि रु.  २ लाख ५० हजार रकम विनियोजन गरेको छु।

३८. स्थानीय तहबाट सञ्चालित विकास आयोजना तथा सेवा प्रवाहको पारदर्शीता, वित्तीय अनुशासन र सामाजिक जवाफदेहिता प्रवर्द्धन गर्न नागरिककै प्रत्यक्ष सहभागितामा योजनाहरूको लेखाजोखा र स्वतन्त्र मूल्याङ्कन गर्ने प्रयोजनका लागि सामाजिक परीक्षण (Social Audit) कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

३९. विगत वर्षको नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनको समग्र समीक्षा गरी हासिल भएका उपलब्धि, चुनौती र सिकाइका आधारमा आगामी रणनीति तय गर्न तथा संस्थागत कार्यसम्पादनमा थप सुधार ल्याउन सरोकारवालाहरूको सहभागितामा वार्षिक समीक्षा बैठक आयोजना गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

४०. चालू आर्थिक वर्षको नीति तथा कार्यक्रमहरूको मध्यावधि प्रगति (Mid-term Progress) को वस्तुपरक मूल्याङ्कन गर्न, बजेट खर्चको अवस्था हेरी कार्यान्वयनमा देखिएका बाधा-अड्चनहरू समयमै पन्छाउन र बाँकी अवधिमा निर्धारित लक्ष्य हासिल गर्न आवश्यक सुधारका कदमहरू चाल्ने उद्देश्यले अर्धवार्षिक समीक्षा बैठकका लागि आवश्यक बजेट प्रस्ताव गरेको छु।

४१. स्थानीय सरकारको सेवा प्रवाह र विकास निर्माणका कार्यलाई जनताको घरदैलोमै पुगेर पारदर्शी, उत्तरदायी र जनमुखी बनाउन तथा नागरिकका गुनासा, सुझाव एवं पृष्ठपोषणलाई प्रत्यक्ष रूपमा सम्बोधन गर्दै स्थानीय लोकतन्त्रलाई जगैदेखि सुदृढ तुल्याउन वडा तथा समुदाय स्तरमा सार्वजनिक सुनुवाइ (Public Hearing) कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

४२. वडा स्तरमा सञ्चालित विकास आयोजनाहरू तोकिएको समय र मापदण्ड अनुसार गुणस्तरीय रूपमा सम्पन्न गराउन, सार्वजनिक सुनुवाइका प्रतिबद्धताहरूको कार्यान्वयन स्थिति जाँच्न र स्रोत-साधनको दुरूपयोग रोकी दिगो विकास सुनिश्चित गर्नका लागि वडा स्तरीय योजना तथा कार्यक्रम सघन अनुगमन (Monitoring) कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४३. गत आर्थिक वर्षमा सङ्घ तथा प्रदेश सरकारको समपूरक अनुदान अन्तर्गत सञ्चालित आयोजनाहरूमा यस नगरपालिकाले व्यहोर्नुपर्ने समपूरक कोष (Matching Fund) को रकम आन्तरिक स्रोतको अभावका कारण व्यवस्थापन गर्न नसकिएकाले, उक्त रकम सङ्घ र प्रदेश सरकारकै अनुदान अंशबाट भुक्तानी हुन गएको थियो । यस अवस्थाले नगरको वित्तीय अनुशासन र सङ्घीय तथा प्रदेश सरकारको कार्यविधिलाई असर पुऱ्याएको हुनाले, वित्तीय अनुशासनलाई सुदृढ बनाउँदै बढी भुक्तानी भएको रकम सम्बन्धित कोषमा फिर्ता गरी नगरको सञ्चित कोषको दायित्व फछ्र्यौट गर्न आगामी आर्थिक वर्षको बजेटमा रु. ५४ लाख विनियोजन गरेको छु ।यसै सन्दर्भमा, सङ्घ तथा प्रदेश

सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान (Fiscal Equalization Grant) समेत लक्ष्यभन्दा कम प्राप्त भएकाले नगरको आन्तरिक स्रोत व्यवस्थापन र अनिवार्य दायित्व भुक्तानीमा थप चाप पर्न गएको व्यहोरा अवगत गराउँदै, आगामी दिनमा स्रोतको सुनिश्चितता गरेर मात्र आयोजनाहरू अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्दछु ।

४४. संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँडवापतको रकम अनुमानभन्दा कम प्राप्त भएको र कर्मचारीहरूको पारिश्रमिकतर्फ वार्षिक भुक्तानी दायित्व बढ्दै गएको वर्तमान अवस्थालाई दृष्टिगत गरी आगामी आर्थिक वर्षमा वित्तीय अनुशासनलाई कडाइका साथ लागू गरिनेछ। स्रोतमा संकुचन आए तापनि कर्मचारीहरूको तलब समयमै निकासा दिने कार्यलाई सुनिश्चित गर्दै यसका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु। साथै, आगामी दिनमा स्रोत र बजेट व्यवस्थापनलाई सन्तुलित राख्न थप व्ययभार बढ्ने गरी कर्मचारी थप नगरी विशुद्ध आवश्यकताको आधारमा मात्र कर्मचारी व्यवस्थापन तथा परिचालन गर्न संगठन सर्वेक्षण (O&M) गर्नको लागि समेत बजेटको व्यवस्था गरेको छु ।

४५. चालु आर्थिक वर्षमा संघबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानको सीमामा संकुचन आएका कारण स्रोत व्यवस्थापनमा चुनौती थपिएको छ। यसरी अनुदान घटेको भएतापनि विगतमै सम्झौता सम्पन्न भई कार्यसम्पादन भइसकेका र भुक्तानीका लागि आधिकारिक रूपमा फाइल पेस भएका सिर्जित दायित्वहरूलाई फरफारक गर्नु हाम्रो पहिलो जिम्मेवारी हो। निर्माण व्यवसायी तथा सेवा प्रदायकहरूको नियमानुसारको भुक्तानी नरोकियोस् र विकास निर्माणका कार्यहरूको निरन्तरता सुनिश्चित होस् भनी दायित्व सार्ने प्रवृत्तिलाई निरुत्साहित गर्न भुक्तानी दायित्व शीर्षकमा रु. २० लाख रकम विनियोजन गरेको छु। यस रकमले पुराना प्रतिबद्धताहरू फर्छ्यौट भई स्थानीय अर्थतन्त्रमा गतिशीलता आउने विश्वास लिएको छु।

४६. सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, प्रारम्भिक बालविकासको माध्यमबाट बालबालिकाहरूको सिकाइको जगलाई मजबुत बनाउन तथा विद्यालयको प्रशासनिक एवं व्यवस्थापकीय कार्यलाई थप चुस्त र प्रभावकारी बनाउन गतिशील जनशक्तिको भूमिका अपरिहार्य रहने तथ्यलाई आत्मसात् गर्दै; नगर अनुदानमा कार्यरत शिक्षक, बालविकास सहजकर्ता (ECD) र विद्यालय कर्मचारीहरूको श्रमको उचित सम्मान, उच्च मनोबल र पेशागत सुनिश्चिततामार्फत विद्यालय शिक्षाको गुणस्तर अभिबृद्धि गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

**श्रद्धेय सभाध्यक्ष महोदय,**

४७. संघीय समपूरक अनुदानको साझेदारीमा गत आर्थिक वर्षदेखि निर्माण कार्य सुरु गरिएको वडा नम्बर १ को वडा कार्यालय भवन निर्माण कार्यलाई चालु आर्थिक वर्षमा पनि क्रमागत योजनाको रूपमा निरन्तरता दिँदै तीव्र गतिमा सम्पन्न गर्न संघीय तर्फबाट रु. ४१ लाख ८० हजार विनियोजन

भएको छ । यसै गरी सोही शीर्षक अन्तर्गत सरस्वती आ.वि. अवलमुल्लाको ४ कोठे भवन निर्माण (छेनपा-१३) का लागि संघीय तर्फबाट रु. ६५ लाख २० हजार विनियोजन भएको व्यहोरा अवगत गराउँदै, यी दुवै योजनाका लागि यस नगरपालिकाको तर्फबाट ब्यहोर्नुपर्ने २० प्रतिशत समपूरक साझेदारी रकम समेत विनियोजन गरेको छु।

४८. संघीय सरकारबाट प्राप्त विशेष अनुदान अन्तर्गत स्थानीय तहमा शासकीय सुधार र शैक्षिक रूपान्तरणलाई एकसाथ अगाडि बढाउन "स्थानीय शासन प्रवर्द्धन तथा प्रविधिमैत्री शिक्षा प्रवर्द्धन कार्यक्रम" का लागि रु. १ करोड (एक करोड रुपैयाँ) विनियोजन भएको छ । यस रकमबाट पालिकाभित्रका सार्वजनिक सेवा प्रवाहलाई डिजिटल प्रणालीमा आबद्ध गरी सुशासन प्रवर्द्धन गरिनेछ भने सामुदायिक विद्यालयहरूमा सूचना प्रविधिको विकास, ई-लर्निङ (E-learning) र डिजिटल तथा बालमैत्री क्लासरुम निर्माण गरी शिक्षाको गुणस्तरमा सुधार ल्याइनेछ।

४९. भौतिक पूर्वाधार विकास अन्तर्गत वडा स्तरीय सेवा प्रवाहलाई प्रभावकारी बनाउन प्रदेश सरकार र यस नगरपालिकाको संयुक्त साझेदारीमा समपूरक कोष शिर्षकमा वडा नं. ७ को वडा कार्यालय भवन निर्माणका लागि कर्णाली प्रदेश सरकारको तर्फबाट रु. १ करोड ११ लाख ५० हजार र वडा नं. ८ को वडा कार्यालय भवन निर्माणका लागि रु. १ करोड १५ लाख विनियोजन भएको छ । नगरपालिकाबाट व्यहोर्नुपर्ने साझेदारी वापतको रकम समेत विनियोजन गरेको छु ।

५०. यस नगरपालिकाको वडा नं. ४ मा वर्षौंदेखि स्वच्छ खानेपानीको समस्या झेल्दै आएका नागरिकहरूलाई घरघरमै शुद्ध खानेपानी पुऱ्याई उनीहरूको स्वास्थ्य र जीवनस्तरमा सुधार ल्याउन कर्णाली प्रदेश सरकार मार्फत विशेष अनुदान तर्फ छेनपा ४ को पातलपानी चाल्नेमालिका खानेपानी योजना निर्माणका लागि रु. ५५ लाख र नगरपालिका स्तरीय सुरक्षित मातृत्व र प्रसूति सेवालाई भरपर्दो बनाई अकालमा हुने मातृ तथा शिशु मृत्युदर न्यूनीकरण गर्न एवं गाउँघरमै गुणस्तरीय स्वास्थ्य सेवाका लागि वर्थिङ्ग सेन्टर सेवा विस्तार कार्यक्रमका लागि रु. ५५ लाख गरी कुल रु. १ करोड १० लाख विशेष अनुदान रकम विनियोजन भएको छ । यी आयोजनाहरूले यस क्षेत्रको सामाजिक-आर्थिक रूपान्तरण, दिगो विकास लक्ष्य प्राप्ति र नागरिकको मौलिक हकको ग्यारेन्टी गर्न कोशेढुङ्गा सावित हुने औचित्य पुष्टि गर्दछु।

५१. स्थानीय तहको संस्थागत क्षमता विकास, सुशासन प्रवर्द्धन र सेवा प्रवाहलाई थप सबल तथा प्रविधिमैत्री बनाउन देशका विभिन्न स्थानमा भएका उत्कृष्ट अभ्यासहरू (Best Practices) को प्रत्यक्ष अध्ययन, सिकाई आदानप्रदान र स्थानीय प्रविधिको सम्भाव्यता पहिचानका लागि जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि अध्ययन अवलोकन भ्रमण कार्यक्रमका लागि रु. २० बीस लाख विनियोजन गरेको छु । यस भ्रमणबाट प्राप्त सिकाईलाई स्थानीय नीति निर्माण र योजना कार्यान्वयनमा अनिवार्य रूपमा आबद्ध गरिनेछ ।

५२. नागरिकको सुसूचित हुने अधिकारलाई सुनिश्चित गर्दै सरकारी कामकारबाहीमा पारदर्शिता र सुशासन प्रवर्द्धन गर्न तथा सार्वजनिक सूचना एवं सञ्चारको पहुँच विस्तारका लागि पत्रपत्रिका सूचना प्रकाशन तथा छपाई शीर्षकमा रु. ५ लाख विनियोजन गरेको छु ।

५३. कार्यालयको दैनिक प्रशासनिक कार्यसम्पादनलाई प्रविधिमैत्री, झन्झटरहित र पारदर्शी बनाउँदै सेवा प्रवाहमा चुस्तता, शुद्धता र नागरिकको सहज पहुँच सुनिश्चित गर्न सूचना प्रणाली परिमार्जन तथा आवश्यक सफ्टवेयर जडान कार्यका लागि रु.५ लाख विनियोजन गरेको छु ।

५४. चालु तथा पूँजीगत प्रकृतिका विकास आयोजनाहरूको कार्यान्वयनलाई चुस्त बनाउन, निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न र तोकिएको समयमै लक्ष्य हासिल गर्ने गरी नतिजामुखी अनुगमन तथा मूल्यांकन प्रणालीलाई प्रभावकारी बनाउन रु. ५ लाख विनियोजन गरेको छु ।

५५. स्थानीय तहबाट जनतालाई प्रत्यक्ष सेवा प्रवाहमा खटिने निजामती तथा अन्य कर्मचारीहरूको पेशागत सुरक्षा, उत्प्रेरणा र कल्याणकारी कार्यका लागि रु. २० लाख विनियोजन गरेको छु। यस कोषमार्फत कर्मचारी तथा तिनका परिवारलाई भैपरी आउने स्वास्थ्योपचार, आपत्कालीन राहत र वृत्तिविकासमा सहयोग पुग्नेछ, जसले गर्दा कार्यसम्पादनमा उच्च मनोबल कायम भई स्थानीय सेवा प्रवाह थप सुदृढ, गुणस्तरीय र जनमुखी बन्न सघाउ पुग्ने विश्वास लिएको छु।

५६. कार्यालयको दैनिक प्रशासनिक कार्य सञ्चालन र सार्वजनिक सेवा प्रवाहलाई थप सुदृढ, नियमित एवं प्रभावकारी बनाउन आवश्यक पर्ने प्राविधिक, विशिष्टीकृत तथा आकस्मिक जनशक्तिको व्यवस्थापनका साथै विद्यमान स्वीकृत दरबन्दी अनुसार करार सेवामा कार्यरत कर्मचारीहरूको पारिश्रमिक, भत्ता र नवीकरणजन्य भुक्तानी दायित्वलाई पूर्णता दिई संगठनात्मक कार्यदक्षता अभिवृद्धि गर्न रु.७० लाख विनियोजन गरेको छु ।

५७. स्थानीय सरकारको कामकारबाहीलाई थप पारदर्शी, उत्तरदायी, र नागरिकप्रति जवाफदेही बनाउन सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको भूमिका अत्यन्त महत्वपूर्ण रहने औचित्यलाई आत्मसात् गरिएको छ। यसै सन्दर्भमा, आम नागरिकको सूचनाको हकको ग्यारेन्टी गर्न, उनीहरूका गुनासो तथा जनगुनासोहरूलाई समयमै र प्रभावकारी ढंगले सम्बोधन गरी सुशासनको प्रत्याभूति दिलाउनका लागि यी अधिकारीहरूको संस्थागत क्षमता विकास, सूचना प्रविधिको उपयोग, र आवश्यक पूर्वाधार सुदृढीकरण गर्न आगामी आर्थिक वर्षको बजेटमा थप व्यवस्था गरेको छु।

५८. नगर भित्रको शैक्षिक गुणस्तर सुधार र समग्र सामाजिक विकासका लागि पाँचतारा युवा संरक्षक मञ्चसँगको साझेदारीमा चालु आर्थिक वर्षका लागि कुल रु. १० करोड ६ लाख ६४ हजार २ सय २० बराबरको कार्यक्रम संचालन गरिएको छ। यसैगरी, गुणस्तरीय शिक्षा परियोजना (NNSWA)

कञ्चनपुरबाट पनि रु. १५ लाख २५ हजार ७ सय ५८ विनियोजन भई गुणस्तरीय शिक्षा प्रवर्द्धनका विभिन्न कार्यक्रमहरू कार्यान्वयनमा रहेका छन्।

**श्रद्धेय सभाध्यक्ष महोदय,**

५९. नगरपालिकालाई प्राप्त भएको कुल रु. ११ करोड ७३ लाख वित्तीय समानीकरण अनुदानमध्ये क्रमागत तथा अधुरा योजनाहरू, विषयगत शाखाहरू, र नगरपालिकाको अनिवार्य दायित्व सिर्जना हुने विभिन्न योजना तथा कार्यक्रमहरूमा बजेट विनियोजन गरी बाँकी रहेको रकमलाई निश्चित सूत्रका आधारमा न्यायोचित ढंगले बाँडफाँड गरी नगरका १३ वटा वडाहरूका लागि कुल रु. ३ करोड बजेट उपलब्ध गराएको छु । जसको विवरण प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**तपसिल**

| वडा नं. | वडालाई प्रदान गरेको बजेटको सीमा | कैफियत |
|---|---|---|
| १ | २४४०४५० | |
| २ | २४००८३० | |
| ३ | २५८०३५० | |
| ४ | २१५१३०० | |
| ५ | २२५०५६० | |
| ६ | २४९२७५० | |
| ७ | १४१०००० | |
| ८ | २६५०००० | |
| ९ | २१०००७० | |
| १० | २५००५२० | |
| ११ | २३१४२२० | |
| १२ | २५८०४७० | |
| १३ | २३२८४८० | |
| **जम्मा** | **३००००००/-** | |

**श्रद्धेय सभाध्यक्ष ज्यू,**

अब म आगामी आ.व. २०८३/०८४  का लागि प्रस्तावित खर्च व्यहोर्ने स्रोतहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

<u>आयको विवरण</u>

| क्र.सं. | श्रोत | प्रस्तावित आय | कैफियत |
|---|---|---|---|
| **क.** | **संघीय सरकारबाट प्राप्त हुने आय** | | |
| १. | वित्तिय समानीकरण अनुदान | ११७३००००० /- | |
| २. | राजश्व बाँडफाँट वापत प्राप्त हुने अनुदान रकम | १४०५५००००/- | |
| ३. | शसर्त अनुदान (चालु तर्फ) | ३६९२०००००/- | |
| ४. | समपुरक अनुदान (पुँजीगत तर्फ) | १०६०००००/- | |
| ५. | विशेष अनुदान (चालु तर्फ) | १००००००० /- | |
| | **जम्मा** | **६४७६५००००/-** | |
| **क्र.सं.** | **श्रोत** | **प्रस्तावित आय** | **कैफियत** |
| **ख.** | **प्रदेश सरकारबाट प्राप्त हुने आय** | | |
| १. | वित्तिय समानीकरण अनुदान | १५४७१०००/- | |
| २. | राजश्व बाँडफाँट वापत प्राप्त हुने अनुदान रकम | २२७०३८०/- | |
| ३. | शसर्त अनुदान (चालु तर्फ) | ५२४२३०००/- | |
| ४. | समपुरक अनुदान (पुँजीगत तर्फ) | २२६५००००/- | |
| ५. | विशेष अनुदान (चालु तर्फ) | ११००००००/- | |
| | **जम्मा** | **१०३८१४३८०/-** | |
| **क्र.सं.** | **श्रोत** | **प्रस्तावित आय** | **कैफियत** |
| **ख.** | **नगरपालिकाको आन्तरिक श्रोत** | | |
| १. | आन्तरिक राजश्व संकलन | ९९२२५००/- | |
| | **जम्मा** | **९९२२५००/-** | |
| | **कूल अनुमानित प्रस्तावित आय** | **७६१३८६८८०/-** | |

**श्रद्धेय सभाध्यक्ष महोदय,**

सीमित स्रोत साधन र बढ्दो जनचाहना तथा आवश्यकताका बीच तयार गरिएको यस छेडागाड नगरपालिकाको आगामी आर्थिक वर्षको वार्षिक विकास योजना कार्यान्वयन गर्नु अवश्य पनि चुनौतीपूर्ण हुनेछ। तथापि, सम्बन्धित सबै पक्षहरूको घनिष्ट सहकार्य, आपसी समन्वय र सक्रिय भूमिकाबाट यसको सफल कार्यान्वयन सम्भव हुने विश्वास मैले लिएको छु। यस गरिमामय अवसरमा नगरको विकास यात्रामा निरन्तर साथ दिने राजनीतिक दल, विषयगत निकाय, दातृ संस्था, निजी क्षेत्र तथा सरोकारवाला सम्पूर्ण पक्षप्रति नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दछु। आगामी दिनहरूमा समेत यहाँहरूबाट यस्तै रचनात्मक सहयोगको अपेक्षा राखेको छु।

**अन्त्यमा,**

यस योजना तर्जुमा प्रक्रियादेखि बजेट प्रस्तुतिसम्म प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा अहोरात्र खटिएर सहयोग पुऱ्याउनुहुने आदरणीय नगर प्रमुखज्यू, वडाध्यक्षज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरू, वडा सदस्यज्यूहरू, नागरिक समाज, पत्रकार मित्रहरू एवं राष्ट्रसेवक कर्मचारी परिवारप्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु।

नगरपालिकाले लिएको विकास र समृद्धिको लक्ष्य प्राप्त गर्न स्वीकृत कार्यक्रम तथा बजेटलाई पूर्ण पारदर्शिता र प्रभावकारी रूपमा कार्यान्वयन गर्ने दृढ संकल्प गर्दछु। अन्तमा, **"समृद्ध छेडागाड, हाम्रो भविष्य"** भन्ने मूल ध्येयलाई आत्मसात् गर्दै नगरको चौतर्फी विकासमा अविचलित रूपमा अघि बढ्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु। **धन्यवाद ।**

**चन्द्र बहादुर थापा**
**नगर उपप्रमुख**
**तथा**
**बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक**